**Prāgyik Prabāha**Vol. 12, No. 1: 115-123, August, 2024 Tribhuvan University Teachers' Association, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal

**DOI: https://doi.org/10.3126/pp.v12i1.69988**

# 'मेरी सौता' कथामा रौद्र रस

***डा. शंकरप्रसाद गैरे***

*gaireshankar2012@gmail.com*

*उपप्राध्यापक, नेपाली*

*त्रिभुवन विश्वविद्यालय, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 18 March 2024; Reviewed 25 June 2024; Revised 15 July 2024; Accepted 26 August 2024*

**लेखसार**

*प्रस्तुत लेख मेरी सौता कथाको विश्लेषणमा केन्द्रित रहेको छ । मुना चौधरीद्वारा लेखिएको यो कथा उनको कथासङ्ग्रह लारमा समाविष्ट छ । चौधरी नेपाली साहित्यका कथा तथा उपन्यास विधामा स्थापित छन् । मूलतः यौनलाई विषय बनाउने चौधरीले यस कथामा लोग्नेले अर्को बिहे गरेपछि र सौतालाई माया गर्न थालेपछि लोग्ने र सौताप्रति वितृष्णा उत्पन्न हुन गई उनीहरूप्रति क्रोध प्रकट गर्ने नारीको कथा भनिएको छ । लोग्नेले सौतालाई माया गरेपछि लोग्नेप्रति चरम क्रोध प्रकट गरेकाले कथामा रौद्र रसको विशेष प्रयोग भएको देखिन्छ । संस्कृत साहित्यशास्त्रमा काव्य विश्लेषणका निम्ति प्रतिपादन गरिएका सिद्धान्तमध्ये रसलाई जेठो माानिन्छ, जसमा नवरसको चर्चा पाइन्छ । तीमध्ये रौद्र रस एक हो । कसैप्रति क्रोध वा आक्रोश प्रकट गर्दा रौद्र रसको उत्पत्ति हुन्छ । विश्लेष्य कथामा रौद्र रसको प्रयोग अत्यधिक देखिएको छ । प्रस्तुत लेखमा मेरी सौता कथामा रौद्र रसको प्रस्तुति केकसरी गरिएको छ ? भन्ने समस्यामूलक प्रश्नमा केन्द्रित रहेर अध्ययनलाई सम्पन्न गरिएको छ । अध्ययनमा निगमनात्मक विधिअन्तर्गत व्याख्यात्मक विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा मुना चौधरीको मेरी सौता कथा रौद्र रसको प्रयोगका दृष्टिले महत्त्वपूर्ण र सशक्त रहेको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *अनुभाव, आवेग, क्रोध, विभाव, सौता ।*

## विषयपरिचय

'मेरी सौता' कथा मुना चौधरीको *लार* कथासङ्ग्रहमा समाविष्ट कथा हो । २०४३ साल कार्तिक १२ गते सिरहा जिल्लामा जन्मिएकी चौधरी काशीलाल र सुगावतीकी छोरी हुन् । नेपाली विषयमा स्नातकोत्तरसम्मको अध्ययन गरेकी चौधरीले २०६४ सालमा 'आजको परिस्थिति' शीर्षकको कविता *गोरखापत्र*मा प्रकाशित गरेर साहित्ययात्राको औपचारिक आरम्भ गरेको देखिन्छ । उनको पहिलो कथा २०६७ सालको *नयाँ पत्रिका*मा प्रकाशित 'पाहुनाले थिचिएको डेरा' हो । उनका *जयवर्धन सलहेश* (२०७४) र *दुलारी*

(२०७६) उपन्यासका साथै *लार* (२०८०) कथासङ्ग्रह प्रकाशित छन् । मूलतः मधेशको परिवेश र पात्रहरूका जीवनभोगाइहरूलाई कथ्य विषय बनाउने चौधरीको *लार* कथासङ्ग्रहमा छब्बीसवटा कथाहरू समाविष्ट छन् । पात्रका यौन दुर्वलतालाई मुख्य कथ्य बनाएर त्यसका माध्यमबाट कथानकको विकास गर्ने चौधरीले आफ्ना कथामा मूलतः नारी पात्रका दशा र अन्तर्दशाको प्रस्तुति गरको पाइन्छ । *लार* कथासङ्ग्रहको छैटौँ क्रममा रहेको 'मेरी सौता' कथा नारीको सौताप्रतिको ईर्ष्या र विशेषतः लोग्नेद्वारा सौतामाथि प्रेम दर्शाउन थालेपछि उत्पन्न हुने क्रोधलाई देखाइएको छ । यस कथाले सौतालाई माया गर्ने लोग्नेप्रति प्रकट गर्ने प्रेमका कारण नारीले लोग्नेप्रति प्रकट गरेको चरम आक्रोश र क्रोधलाई प्रस्तुत गरिएकाले यो कथा रौद्र रसका दृष्टिकोणले महत्त्वपूर्ण देखापरेको छ । त्यसकारण यस समालोचनात्मक लेखमा 'मेरी सौता' कथालाई विश्लेष्य सामग्रीका रूपमा चयन गरी रस सिद्धान्तअन्तर्गतको रौद्र रसका सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर अध्ययन विश्लेषण गरिएको छ । 'मेरी सौता' कथा रौद्र रसको प्रयोगका दृष्टिले केकस्तो रहेको छ ? भन्ने प्राज्ञिक समस्यामा केन्द्रिर रहेर अध्ययनलाई अगाडि बढाइएको छ भने प्रस्तुत कथालाई रौद्र रसका सापेक्षमा अध्ययन गरी निष्कर्ष निरूपण गर्ने उद्देश्य राखिएको छ । मुना चौधरीका कथाहरूमाथि सामान्य चर्चा परिचर्चाहरू गरिएको पाइए पनि कुनै सिद्धान्तका सापेक्षमा उनका कथाहरूको सिद्धान्तनिष्ठ गहन विश्लेषणात्मक अध्ययन भएको पाइँदैन । यस अध्ययनमा उनका सबै कथाको अध्ययन सम्भव नहुने हुनाले अध्ययनलाई सीमाङ्कन गरी 'मेरी सौता' कथालाई रौद्र रसका सापेक्षतामा अध्ययन गरिएको छ । यो लेख रौद्र रसको अध्ययन तथा 'मेरी सौता'मा अन्तर्निहित रौद्र रसका बारेमा अध्ययन गर्न चाहने अध्येताका साथै मुना चौधरीका कृतिमाथि अध्ययन गर्न चाहने अध्येताका लागि स्रोत सामग्री हुनेछ । मुना चौधरीका कथाहरूलाई अन्य विविध पर्याधारमा अध्ययन गर्न सकिन्छ र विश्लेष्य कथा 'मेरी सौता' लाई पनि अन्य विविध सन्दर्भबाट अध्ययन गर्न सकिन्छ तापनि रस सिद्धान्तअन्तर्गतको रौद्र रसको सैद्धान्तिक पर्याधारमा केन्द्रित रहेर अध्ययन गर्नु यस अध्ययनको सीमा रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानमूलक लेख मुना चौधरीको *लार* कथासङ्ग्रहमा समाविष्ट 'मेरी सौता' कथाको विश्लेषणात्मक अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा निगमनात्मक विधिको प्रयोग गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनका लागि मुना चौधरीको 'मेरी सौता' कथालाई मुख्य स्रो सामग्रीका रूपमा चयन गरिएको छ भने पुस्तकालयीय अध्ययनबाट द्वितीय स्रोत सामग्रीको प्रयोग गरी अध्ययनलाई अगाढि बढाइएको छ । व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

## रौद्र रसको सैद्धान्तिक पर्याधार

संस्कृत साहित्यशास्त्रमा साहित्यसमालोचनाका निम्ति विकसित भएका समालोचना सिद्धान्तहरूमध्ये रस सिद्धान्तलाई सर्वाधिक पुरानो मानिन्छ । भरतमुनिलाई रस सिद्धान्तका प्रवर्तक मानिन्छ तापनि उनीपूर्वदेखि नै रस विषयक चर्चा परिचर्चाको सङ्केत फेलापर्दछ । भरतमुनिले *नाट्यशास्त्र* नामक आफ्नो लक्षण ग्रन्थको छैटौँ अध्यायमा रस विषयक विषद् चर्चा परिचर्चा गरेपछि यसको विधिसम्मत रूपमा स्थापना भएको हो भन्ने उत्तरवर्ती अध्येताहरूको स्वीकारोक्ति रहँदै आएको देखिन्छ ।

रस अनेकार्थक शब्द हो । यस शब्दका विषयअनुसारका विविध अर्थहरू देखापर्दछन् । साहित्यमा प्रयोग हुने रस शब्दको सामान्य अर्थ 'आनन्द' भन्ने लगाएको पाइन्छ । अतः साहित्यिक कृतिको, पठन, श्रवण दर्शनबाट पाठक, स्रोता वा द्रष्टाले जुन प्रकारको आनन्द/मनोरञ्जन प्राप्त गर्छन् त्यसलाई रस भनिएको छ । रस के हो ? रस केकस्ता र कति प्रकारका हुन्छन् ? रसको उत्पत्ति हुन्छ वा निस्पत्ति हुन्छ ? पाठक दर्शकले रसलाई कसरी अनुभव वा अनुभूति गर्छन् ? लगायतका प्रश्नका साथै करुणावस्था कसरी आनन्द हुन सक्छ ? रस साधारणीकरण कसरी हुन्छ भन्ने जस्ता असङ्ख्य प्रश्न र ती प्रश्नका सविस्तार अध्ययन भएको पाइन्छ भने रसलाई संस्कृत साहित्यको सर्वाधिक अध्ययन भएको साहित्यसिद्धान्तका रूपमा चिनाइएको पाइन्छ ।

रस संख्याको विषयमा स्थापना कालदेखि नै अनेक मतमतान्तर रहँदै आएको भए पनि साहित्यशास्त्रमा मूलतः नवरसको मान्यता स्थापित देखिन्छ । यसका संस्थापक आचार्य भरतले रससंख्याको चर्चा गर्दै भनेका छन् :

शृङ्गारहास्यकरुणा रौद्रवीर भयानकाः ।

बीभत्साद्भुतसंज्ञौ चेत्यष्टौ नाट्ये रसाः स्मृता : ॥ (भरतमुनि, नाट्यशास्त्र, ६, १५)

यसप्रकार भरतमुनिले आठ रसको उल्लेख गरेको पाइन्छ । उनले स्पष्ट रूपमा नाटकमा आठ रस रहन्छन् भनेका छन् । उनले रसको चर्चा नाट्यशास्त्रमा गरेको हुनाले उनी नाटकमा केन्द्रित रहनु स्वाभाविक र सान्दर्भिक रहन्छ । भरतमुनिले आठ रसमध्ये चारलाई मुख्य मान्दै तिनैबाट अन्य रसको उत्पत्ति हुने बताएका छन् । उनका अनुसार "तेषामुत्पत्तिहेतवश्यचत्वारो रसाः । अद्यथा- शृङ्गारो रौद्र, वीरो बीभत्स इति ।" अर्थात् शृङ्गार, रौद्र, वीर र बीभत्स मुख्य रस हुन्छन् (रस्तोगी, २०४६, पृ. २५५) । भरतमुनिले चार मुख्य रसको उल्लेख गर्ने क्रममा रौद्र रसलाई दोस्रो क्रममा प्रस्तुत गर्नुले यसको महत्त्व अझबढी रहेको स्पष्ट हुन्छ ।

रौद्र रस क्रोधसँग सम्बन्धित हुन्छ । रुद्र शब्दमा अण् प्रत्यय लागेर बनेको यस शब्दको अर्थ रुद्रजस्तो, प्रचण्ड, रिस, बर्बरता, भयानक भन्ने हुन्छ (आप्टे, सन् १९६९, पृ.८६३) । *नेपाली बृहत् शब्दकोश*मा रौद्र शब्दको अर्थ आलम्बन शत्रु, उद्दीपन शत्रुको चेष्टा, दोष आदि, अनुभाव मुड्की हान्नु आदि, सञ्चारी भाव आँखा राता पार्नु, आवेग, सेखी आदि स्थायी भाव क्रोध हुने नौ रस मध्येको एक भन्ने अर्थका साथै रुद्रसम्बन्धी, रुद्रको जस्तो, डरलाग्दो, भयङ्कर, प्रचण्ड रिसाहा, रौद्र हुने अवस्था वा चाल, प्रचण्डता, उग्रता भन्ने लगाएको पाइन्छ (२०५८, पृ. १०८९) । यसप्रकार मूलतः रौद्र शब्दले क्रोध प्रकट गर्नु वा क्रोध प्रकट हुनु भन्ने अर्थ वहन गर्दछ । यस शब्दले रुद्रसँगको जुन सामीप्यता वहन गरेको छ त्यसको मूल कारण पनि रुद्रको क्रोध नै हो । त्यसकारण साहित्यमा अभिव्यक्त हुने क्रोधको भावलाई अध्ययन गर्ने सिद्धान्त विशेष नै रौद्र रसका नामले चिनिन्छ । विषयालम्बनद्वारा आश्रयप्रति अपमानपूर्ण व्यवहार हुँदा वा आश्रयका आफन्त, देश, धर्म आदिप्रति अपकार हुँदा रौद्र रसको उत्पत्ति हुन्छ (थापा, २०६६, पृ. २२६०) । यसरी अपमान गरिनु, हेला गरिनु, तिरस्कार गरिनु जस्ता विशेषताले रौद्र रसको प्रकटीकरण हुन्छ भन्ने देखिन्छ ।

रस उत्पत्तिका विभाव, अनुभाव, सञ्चारी/व्यभिचारी र स्थायीभाव गरी चार मुख्य उपकरण मानिएका छन् । यिनका भेदोपभेदको चर्चा समेत साहित्यशास्त्रमा हुने गरेको पाइन्छ । विभाव भनेका एक आपसमा शत्रुता राख्ने दुई व्यक्ति वा समूह हुन् । विभावका आलम्बन र उद्दीपन गरी दुई भेद हुन्छन् । भने आलम्बनका विषय र आश्रय तथा उद्दीपनका स्वकीय र परकीय गरी दुई-दुई भेद मानिन्छन् (गैरे, २०७४, पृ. १८) । रौद्र रसका सम्बन्धमा जुन शत्रुले प्रभावित पार्छ त्यो विषय र जो प्रभावित हुन्छ र जसमा क्रोधको विकास हुन्छ त्यो आश्रय हुन्छ । उद्दीपनअन्तर्गत पात्रका मनोदशा देशकाल लगायत ती अनेक परिस्थितिहरू पर्दछन् जसले उद्वेलित भावलाई पोषित गर्दछन् । ती स्वजन्य हुँदा स्वकीय र परिवेशजन्य हुँदा परकीय हुन्छन् (गुप्त, सन् २०११, पृ. २६२) । अनुभाव पात्रका अभिनयजन्य गुणलाई भनिन्छ । यसका आङ्गिक, वाचिक, सात्विक, आहार्य गरी चार प्रकार मानिएको छ । पिट्नु, मार्नु, च्यात्नु, दबाउनु, प्रहार गर्नु, काम्नु, राता आँखा देखाउनु लगायतका लक्षण नै रौद्र रसका अनुभाव हुन् (गैरे, २०७४, पृ. ७९) । असम्मोह, उत्साह, आवेग, अमर्ष, चपलता, गर्व, स्वेद, कम्पन, रोमाञ्च, गद्‌गद् स्वर जस्ता लक्षणलाई व्यभिचारी भाव मानिने रौद्र रसको स्थायीभाव क्रोध हो । यसप्रकारका लक्षणले युक्त साहित्यिक कृति जहाँ रचनाका मुख्य पात्रमा क्रोधको उत्कर्ष देखिन्छ त्यस्ता रचनालाई रौद्र रसको निष्पत्ति भएको सिर्जना मानिन्छ ।

## विमर्श र नतिजा

मुना चौधरीद्वारा लेखिएको 'मेरी सौता' कथा उनको २०८० सालमा प्रकाशित *लार* कथासङ्ग्रहमा समाविष्ट कथा हो । सङ्ग्रहमा समाविष्ट छब्बीसवटा कथामध्ये छैटौँ क्रममा रहेको यो मध्यम आकारको कथा हो । नेपालको तराइस्थित परिवेश र पात्रमा केन्द्रित रहेर लेखिएको प्रस्तुत कथामा सौताप्रतिको ईर्ष्या र त्यसले लोग्ने र सौताप्रति उत्पन्न क्रोधलाई प्रस्तुत गरेको छ । लोग्नेसँग चरम रुष्ट भएकी श्रीमतीले उसलाई तिरस्कार गर्दैगर्दा देखिने क्रियाकलाप र व्यवहारले कथामा रौद्र रसको विकास भएको पाइन्छ । कथामा प्रथम पुरुष कथन पद्धतिको प्रयोग गरिएको छ । आफ्ना लोग्ने र सौताबाट चरम आक्रोषित रामतोरिया कथाकी मुख्य पात्र हो भने उसमा देखिएको क्रोध नै कथामा मूलतः रौद्ररसका रूपमा देखापरेको छ । उसकी सौता गुलाबमा पनि आफ्नी सौता र लोग्नेमाथि क्रोध गरेको विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यी दुई पात्रका माध्यमबाट नै कथामा रौद्र रसको सिर्जना भएको देखिन्छ । यहाँ यिनै दुई पात्रमा प्रकट भएको क्रोधलाई शीर्षकीकरण गर्नुका साथै रौद्र रस प्रकट गर्न प्रयोग भएका उपकरणलाई उपशीर्षकमा शीर्षकीकरण गरी अध्ययनलाई प्रस्तुत गरिएको छ ।

### रामतोरियामा प्रयुक्त रौद्र रस

ब्रह्मपुर माइती गाउँ भएकाले ससुराल गाउँमा ब्रह्मपुरवाली भनेर चिनिने र बोलाइने रामतोरिया 'मेरी सौता' कथाकी मुख्य (केन्द्रीय) पात्र हो । उसद्वारा नै कथाको प्रस्तुति भएकाले ऊ कथाकी कथयिता पात्र पनि हो । गरिब भगलुसँग बिहे गरेर घरजम गरेकी रामतोरियाले चामलको व्यापार गरेर घरको आर्थिक अवस्था सुधार्छे । फुसको घरमा टायलको छानो हाल्छे र खेत किन्छे । लामो समयसम्म बच्चा नभएपछि सन्तानकै निम्ति भगलुले अर्को बिहे गर्नुपर्ने भएपछि आफ्नै बहिनी गुलाबसँग लोग्नेको बिहे गराउँछे । कथामा रामतोरियाको दुर्वल मनोभावकै कारण रौद्र रसको सिर्जना भएको देखिन्छ । आफ्नै सल्लाहमा र आफ्नै बहिनीसँग लोग्नेको बिहे गराएकी रामतोरियाले बिहेपछि लोग्ने भगलुले बहिनीलाई पनि

श्रीमतीकै रूपमा माया गर्छ । उसलाई पनि आफूलाई जतिकै माया गर्छ, अझ ऊ नौली श्रीमती भएका कारण आफूलाई भन्दा अधिक माया गर्न सक्छ भन्ने कुराको ख्याल नगर्नु र त्यसलाई स्वीकार नगर्नु रामतोरियाको दुर्वलता देखिन्छ । लोग्नेले सौता गुलाबलाई माया गर्न थालेको देखेपछि त्यसलाई स्वीकार गर्न नसक्नु र क्रोधित हुनुले कथामा रौद्र रसको विकास भएको देखिन्छ ।

कथाको आरम्भ सौता गुलाबको खुट्टामा देखिएको पैजब उसले कहाँबाट पाई भन्ने आशंकाबाट भएको छ । रामतोरियाले प्रश्न गर्दा गुलाबले भाउजूले किनिदिएको भनी झुट बोल्नु र भाउजूले रामतोरियासँग आफूले नकिनिदिएको भन्नुबाट उसमा उत्पन्न ईर्ष्या कथामा यसरी अभिव्यक्त भएको पाइन्छ- "ऊ मँग झुटो बोल्दी रहिछे । प्रत्येक कुरामा मेरा लोग्नेले मभन्दा बढी हेरचाह सौतालाई गरेको पाएँ । मेरो मन धेरै जल्यो । लोग्ने र सौता दुवैदेखि घृणा लाग्यो" (चौधरी, २०८०, पृ. ४७) । प्रस्तुत अभिव्यक्तिमा सौताले झुट बोल्ने गरेकाले र लोग्नेले श्रीमतीहरूलाई गर्ने मायामा भेदभाव गरेकाले उत्पन्न क्रोधलाई सङ्केत गर्दछ । यसरी रामतोरियामा उत्पन्न हुने क्रोधको उत्कर्षलाई प्रस्तुत गर्दै भनिएको छ- "जब रात पर्छ, म अथाह क्रोधले बहुलाउँछु । जेठ महिनाको गर्मीमा घरको छानाको टायल तातेझैँ मेरो दिमाग नराम्ररी तात्छ । आँगनमा भएको कर्चीको टाँटी असारे झरीमा कुहिएर टुक्रिएर झरेझैँ लोग्नेले सौतालाई हेरचाह गरेको देखेर मेरो मन गलेर सिन्का-सिन्कामा टुक्रिँदै झर्छ । जब सौतालाई देख्छु, मेरो रिस चौगुणा हुन्छ । मनभित्र आगोको झिल्का बल्छ" (चौधरी, २०८०, पृ. ४८) । यस अभिव्यक्तिमा रामतोरियाको लोग्ने र सौताप्रतिको क्रोधको चरम उत्कर्ष देखापर्दछ ।

सौताको पनि लोग्नेप्रति समान हक र अधिकार हुन्छ भन्ने कुरालाई रामतोरियाले स्वीकार गर्न नसक्नु उसमा उत्पन्न क्रोधको मुख्य कारण हो भन्ने देखिन्छ । कथाको विकासनै लोग्नेले सौतालाई गरेको माया र हेरचाहका कारण आफूमा उत्पन्न क्रोधको भावलाई अभिव्यक्त गरेको सन्दर्भबाट भएको पाइन्छ । लोग्नेकै भनाइअनुसार अनुहार चाउरिएकी, बुढी देखिएकी र ओँठ सुकेकी (चौधरी, २०८०, पृ. ५०) जेठी श्रीमतीप्रति भन्दा यौवनले भरिएकी जिऊ सिँगारपटार, सुकुमारी हत्केला, रसिला ओठ, गोरो अनुहार, गाजलु आँखा, मिलेका दन्तेलहर, लामो केशराशि, बाटुला छाती (चौधरी, २०८०, पृ. ४८) भएकी कान्छी श्रीमतीप्रति लोग्ने आकर्षित भएको देखिन्छ । लोग्नेको कान्छीप्रतिको आशक्ति देखेर आक्रोशित रामतोरिया ऊबाट झन्झन् टाढिँदै गएपछि लोग्ने कान्छी श्रीमतीप्रति झन्झन् नजिकिँदै जान्छ । यो कुराले रामतोरियामा ईर्ष्यापूर्ण आक्रोश उत्पन्न हुन्छ र रौद्र रसको सिर्जना हुन्छ । लोग्नेले सौतालाई माया गर्न थालेपछि रामतोरिया दुवैप्रति ईर्ष्या गर्न र रिसाउन थाल्छे । सौताको सौन्दर्यको वर्णन गर्दै रामतोरिया भन्छे- "सौता मेरो अगाडि आएर हाँस्दा मनमा औडाहा हुन्छ । भकारी बनाउन बाँस ताछेर कैमचा (मसिनो) बनाएझैँ उसको यौवन ताछेर जगल्टाएर घरबाट निकालिदिउँ लाग्छ । मलाई हत्यारा बन्न मन लाग्छ" ( चौधरी, २०८०, पृ. ४८) । जब सौताको सुन्दरताकै कारण लोग्ने उसप्रति आशक्त भएको हो भन्ने कुरा महसुस गर्छे तब रामतोरियाले सौताको सौन्दर्यलाई स्वीकार गर्छे र उसको सौन्दर्यप्रति ईर्ष्या लाग्ने गरेको र क्रोध उत्पन्न हुने गरेको कुरालाई स्वीकार गर्छे । सौताको हाँसो र खुसी देख्दा समेत उसमा क्रोध उत्पन्न हुन्छ । ऊ सौताको हत्या गर्नेसम्मको सोँच आउने गरेको विचार प्रकट गर्छे । रामतोरियाको सौताप्रतिको यो भाव क्रोधको उत्कर्ष हो ।

सौता गुलाब लोग्ने भगलुसँग जिस्किएको देख्दा रामतोरिया रिसाउँछे । उसलाई त्यसले असह्य पीडा दिन्छ । उसले त्यो देख्दा मनमा पीरो धुँवा पुत्ताएको महसुस गर्छे । आफूलाई त्यसबाट पृथक तुल्याउने तथा धीर, शान्त तुल्याउने प्रयासमा ऊ असफल हुन्छे । जबजब ऊ लोग्नेलाई सौताका नजिक देख्छे वा सौताका अनुहारमा लोग्नेबाट प्राप्त खुसी देख्छे ऊ क्रोधले रातो नीलो हुन्छे । उसका कान रिसले राता हुन्छन् । लोग्नेले आफूलाई वास्ता गर्दागर्दै पनि सौतासँगको सामीप्यले आक्रोशित बनेकी रामतोरिया लोग्नेलाई वास्ता गर्दिन । जसले गर्दा लोग्ने क्रमशः उसबाट टाढिँदै जान्छ । एकातिर सौतासित झर्किने, बोल्न पनि नखोज्ने रामतोरिया बिहानै सौताले ढोका खोलेर बाहिर निस्किएपछि उसलाई हेर्छे र उसका शरीरमा लोग्नेसँगका सहवासका चिह्नहरू देखेर झन् बढी ईर्ष्या गर्छे । ऊ भन्छे :

> जब सौता बिहान उठेर घरको ढोका खोल्छे म उसको जिउतिर तलदेखि माथिसम्म हेर्छु । उसको गाला, घाँटी र हत्केलामा नीलो डाम देख्छु । तुरुन्तै उसको अनुहारतिर हेर्छु । उसको अनुहार सन्तुष्टिले जाज्वल्यमान हुन्छ । उसको सुख र खुसी म देख्न सक्दिनँ । ... मलाई लोग्ने सम्झेर घिन लाग्छ र म पिच्च थुक्छु उसको नाममा । (चौधरी, २०८०, पृ. ४८-४९)

यसरी लोग्ने र सौताको एकअर्काप्रतिको प्रेम र मेलका कारण लोग्नेबाट टाढिँदै गएकी रामतोरिया ईर्ष्याले चुर हुन्छे । उसको क्रोध चरम उत्कर्षमा पुग्छ । सौताको खुसी देखेर आफूमा उत्पन्न क्रोधका विषयमा ऊ भन्छे "...भित्रभित्रै दाह्रा किट्छु । तर, मुट्ठी बाँध्दै आफूलाई नियन्त्रण गर्छु । उसलाई खुसी देख्नासाथ मेरो अनुहारमा क्रोधको ज्वाला बढ्छ" (चौधरी, २०८०, पृ. ४९) । यसप्रकार सौतालाई माया गरेको देखेर लोग्नेप्रति आक्रोश पोख्ने रामतोरिया आफ्नै बहिनी भए पनि सौताका रूपमा उपस्थित भएपछि उसलाई चरम घृणा गर्छे र आक्रोश पोख्छे । उसलाई खुसी भएको देख्न नसक्ने हुन्छे । खुसी देखेर ऊ क्रोधित हुन्छे ।

प्रत्येक वर्ष सिरुवा मेलामा गएर आफ्ना लागि सारी किनेर ल्याउने लोग्ने भगलुले दोस्रो बिहे गरेपछि दुवै श्रीमतीका लागि ल्याइदिएका सामानमा भिन्नता हुन्छ । यसै पनि सौतालाई माया गरेको देखेर क्रोधित हुने रामतोरियामा विभेदले क्रोध उत्कर्षमा पुग्छ । आफ्ना लागि धोती र सौताका लागि सिफनको सारी, आफ्ना लागि बाटा चप्पल र सौताका लागि महङ्गा चप्पल ल्याएको देखेपछि उसमा उत्पन्न क्रोध र त्यस क्रोधको प्रतिक्रियामा उसले गरेको कार्य कथामा रौद्र रसको चरम उत्कर्षका रूपमा देखापर्दछ । लोग्नेको सौताप्रति मायाका कारण देखिएको विभेदको प्रतिक्रियामा रामतोरियाले गरेको कार्यलाई यसरी वर्णन गरेकी छ-

> म रिसले रातो भएँ । सलाईको काँटी बाल्दै मैले सारीमा आगो सल्काएँ । मलाई हेप्ने ? दुईजिब्रे ! दुई थरीको सारी किनेर ल्याउने ? म लगाउँदिनँ यस्तो सारी । सारीलाई उसको अगाडि खरानी बनाएँ । मैले त्यही दिनबाट सिन्दूर लगाउन छोडेँ । हातको चुरा फुटाएँ । पोते फुकालेर फालेँ । (चौधरी, २०८०, पृ. ५३)

लोग्ने जीवित छँदाछँदै उसले आफूप्रति गरेको विभेदका कारण ऊबाट रिसाएर उसले दिएको सारी उसकै अगाडि आगो लगाउनु र चुरा, पोते, सिन्दुर झिकेर फ्याक्नुजस्ता रामतोरियाका कार्यहरू क्रोधको चरम उत्कर्षका रूपमा देखिएका छन् । त्यसकारण यो रौद्ररसको उत्कर्षका रूपमा देखापरेको छ ।

## गुलाबमा प्रयुक्त रौद्र रस

गुलाब 'मेरी सौता' कथाकी सहायक पात्र हो । रामतोरियाकी सहोदर बहिनी गुलाब रामतोरियाले लोग्ने भगलुलाई गरेको प्रस्तावका कारण भिनाजुसँग बिहे गर्छे । बहिनीका रूपमा हेर्दा माया र दया गर्ने रामतोरिया सौताका रूपमा जसरी गुलाबमाथि ईर्ष्या गर्छे त्यसैगरी गुलाब पनि लोग्ने भगलु सौताप्रति आकर्षित भएको वा उसको संसर्गमा गएको थाहा पाएर क्रोधित हुन्छे । प्रस्तुत कथामा गुलाबमा रौद्र रसको प्रभाव सानो एउटा घटनामा मात्र प्रस्तुत गरिएको पाइन्छ; तापनि उक्त घटना रौद्र रसको उत्पत्तिका दृष्टिले महत्त्वपूर्ण देखिन्छ । गुलाब माइत गएको मौका छोपी जेठी श्रीमती रामतोरियाको कोठामा गएको भगलु उसबाट तिरस्कृत भएर फर्कन्छ । त्यस क्रममा उसले आफ्नो काँधको गम्छा त्यहीँ छोड्छ । माइतबाट फर्केपछि रामतोरियाको कोठा लिप्न गएकी गुलाबले लोग्ने भगलुको गम्छा रामतोरियाको कोठामा देखेपछि शङ्का गर्दै सोध्छे "दिदी ओकर गम्छा कथिले तोहर खाटमे छौ ?" (चौधरी, २०८०, पृ. ५१) । गुलाबको यस प्रश्नमा लोग्नेप्रतिको शङ्का र एकाधिकारको चाहना अभिव्यक्त भएको देखिन्छ । रामतोरियालाई गुलाबसँग बोल्ने चाहना हुँदैन । लोग्नेसँगको क्रोधका कारण उसलाई तिरस्कार गरेर फर्काएकी हुन्छे र पनि सौतालाई जलाउने उद्देश्यले भन्छे "ऊ काइल राइतमे हमर कोठा येलछेलै" (चौधरी, २०८०, पृ. ५१) । रामतोरियाको उद्देश्य सौतालाई दुःखी बनाउनु र जलन पैदा गर्नु हो भन्ने उसको कार्य र अभिव्यक्तिले स्पष्ट पार्छ । उसको कुरा सुन्नासाथ गुलाबमा क्रोध उत्पन्न हुन्छ । उसले देखाएको क्रोधपूर्ण प्रतिक्रियालाई यसरी प्रस्तुत गरिएको छ- "...उसको अनुहार रिसले काँप्यो । माटो र पानी घोलिएको सिलबरको डेक्सीमा लात हानी । उसले लात हान्दा डेक्सी भ्यात्त बोल्यो । एकापट्टि थेप्चियो पनि" (चौधरी, २०८०, पृ. ५१) । यसरी सौता रामतोरियाबाट टाढिएर आफूप्रति एकोहोरिएको लोग्नेमाथि आफ्नो एकाधिकार रहेको ठान्ने गुलाब आफ्नो अनुपस्थितिमा लोग्ने सौतासँग गएको थाहा पाएर उसमा उत्पन्न क्रोध नै गुलाबमा उत्पन्न रौद्र रस हो । यसरी 'मेरी सौता' कथामा दुई विवाह गरेका लोग्नेप्रति आफ्नो एकाधिकार रहनुपर्छ भन्ने ठान्ने दुई सौताले लोग्नेले सौतामाथि गरेको प्रेमका कारण देखाएको क्रोध नै कथामा रौद्र रसका रूपमा अभिव्यक्त भएको पाइन्छ ।

## रसका उपकरणहरूको प्रयोग

'मेरी सौता' कथामा रौद्र रसको उत्पत्तिका विभाव, अनुभाव, व्यभिचारी र स्थायीभावहरू स्पष्ट रूपमा प्रकट भएको देखिन्छ । यस कथामा लोग्ने भगलु विषयालम्बनका रूपमा देखापरेको छ भने मुख्य रूपमा आश्रयालम्बनका रूपमा भगलुकी जेठी श्रीमती रामतोरिया देखापर्दछे । रामतोरियाको क्रोध भगलु र गुलाब दुवैप्रति प्रकट भएकाले रामतोरिया आश्रयालम्बन हुँदा गुलाब र भगलु दुवै विषयालम्बनका रूपमा देखापर्दछन् । त्यसैगरी गुलाबले लोग्ने र सौता रामतोरियाप्रति आक्रोश प्रकट गरेकाले गुलाब आश्रयालम्बनका रूपमा प्रकट हुँदा रामतोरिया र भगलु विषयालम्बनका रूपमा प्रस्तुत भएका छन् । यस कथामा उद्दीपन विभावका रूपमा रामतोरिया र गुलाब दुवैका मनमा लोग्नेप्रतिको एकाधिकारको चाहना र कामना देखापर्दछ भने रामतोरियाका लागि गुलाबको पाउजु, उसको गाला, घाँटी र हत्केलामा देखिएका नीला डाम, बिहे हुनुभन्दा पहिले ख्याउटी दुब्ली गुलाब टम्म मोटाएर सुन्दर देखिनु, परकीय उद्दीपन हुन् । त्यसैगरी गुलाबका निम्ति रामतोरियाका कोठामा भेटिएको लोग्नेको गम्छा परकीय उद्दीपनका रूपमा देखापदेको छ ।

कथामा कायिक अनुभावका रूपमा रामतोरियाले लोग्नेलाई पिच्च थुक्नु, दाह्रा किट्नु, मुट्ठी बाँध्नु, लोग्नेले ल्याइदिएको धोती आगो लगाएर खरानी बनाउनु, सिन्दूर लगाउन छाड्नु, हातको चुरा फुटाउनु, पोते फुकालेर फाल्नु देखिन्छन् । गुलाबले माटो र पानी घोलिएको सिलबरको डेक्सीलाई लात्ताले हान्नु पनि कायिक अनुभावका रूपमा देखिन्छ । रामतोरियाले गुलाबसँग "पैजब कत किनलिही ?" (चौधरी, २०८०, पृ. ४७) भनी सोध्नु, सौतालाई माया गरेको थाहा पाएर रामतोरियाले लोग्नेसँग झगडा गर्नु, लोग्ने भगलुले तेल लगाइदिन भन्दा "म तेल लगाउन सक्दिन । मलाई ज्वरो आइरहेको छ" (चौधरी, २०८०, पृ. ५०) भन्नु, गुलाबले रामतोरियासँग "दिदी ओकर गम्छ कथिले तोहर खाटमे छौ ?" (चौधरी, २०८०, पृ. ५१) भनी सोध्नु र प्रतिउत्तरमा रामतोरियाले "ऊ काइल राइतमे हमर कोठा येलछेलै" (चौधरी, २०८०, पृ. ५१) भन्नु वाचिक अनुभाव हुन् । त्यसैगरी रामतोरियाको अनुहार क्रोधले रातो नीलो हुनु, कान र गाला ताता हुनु, लोग्नेले सौतालाई र आफूलाई भेद गरी कपडा ल्याइदिँदा रिसले रातो हुनु सात्विक अनुभाव हुन् ।

यस कथामा सञ्चारी वा व्यभिचारीभावका रूपमा 'निर्वेद' (रामतोरियाको सौताप्रतिको ईर्ष्याका कारण उत्पन्न चिन्ता र आँसु), 'आवेग' (रामतोरिया र गुलाबको सौता र लोग्नेप्रतिको क्रोध), 'उग्रता' ( रामतोरिया र गुलाबको उग्र स्वभाव), 'गर्व' (रामतोरियाले घमण्डका कारण लोग्नेको अवज्ञा गर्नु, लोग्ने र सौतालाई विनयहीन तरिकाले व्यवहार गर्नु, 'अमर्ष' (लोग्नेले विभेदजन्य अपमान गर्दा रामतोरियाले देखाएको प्रतिक्रिया), 'चिन्ता' (रामतोरियाको लोग्नेको माया आफूले मात्र पाउनुपर्छ भन्ने विचारका विपरित उसको माया सौताले पाएको थाहा पाउँदा उत्पन्न भाव) देखापरेका छन् । मूलतः रामतोरियाका मनमा स्थायी रूपमा रहेको क्रोध र अंशतः गुलाबको मनमा रहेको क्रोध उत्पन्न भएर रौद्र रसका रूपमा प्रकट भएको पाइन्छ । यस प्रक्रियाबाट 'मेरी सौता' कथामा रौद्र रस परिपाकमा पुगेको देखिन्छ ।

## निष्कर्ष

मुना चौधरीको 'मेरी सौता' कथा उनको *लार* कथासङ्ग्रहमा समाविष्ट कथा हो । सौतासौताबीच लोग्नेको माया अर्कोले पाउँदा र आफ्नो अधिकार गुमेको महसुस हुँदैगर्दा उत्पन्न हुने क्रोध नै कथामा रौद्र रसका रूपमा प्रस्तुत भएको छ । कथाकी प्रमुख पात्र रामतोरियाले लोग्ने भगलुले सौता गुलाबलाई माया गरेको देखेपछि उत्पन्न भएको ईर्ष्या र क्रोधलाई कथामा प्रस्तुत गरिएको छ । उसले सौता र लोग्नेप्रतिका जुन आक्रोशहरू प्रस्तुत गरेकी छ ती रौद्र रसका रूपमा प्रस्तुत भएको छ । लोग्नेले आफूलाई मात्र माया गरोस् भन्ने अपेक्षा गरेकी रामतोरियाले सौतालाई माया गर्न थालेपछि र विहान उठ्दा सौता गुलाबको गाला र घाँटीमा नीला डाम देख्दा उत्पन्न क्रोध कथामा रौद्र रसका रूपमा देखापरेको छ । लोग्नेले बजारबाट दुई श्रीमतीका निम्ति ल्याइदिएका कपडा र चप्पलमा गरेको विभेदका कारण उत्पन्न क्रोध र लोग्नेले आफ्ना लागि ल्याएको सामान उसकै अगाडि आगो लगाउनु रौद्र रसको चरम उत्कर्ष हो । रामतोरियामा जस्तै गुलाबमा पनि लोग्नेप्रति आफ्नो मात्र अधिकार छ र रहनुपर्छ भन्ने मान्यता रहनु तर आफू माइतबाट आउँदा सौताका कोठामा लोग्नेको गम्छा भेटिनु क्रोधको कारणका रूपमा देखापरेको छ । प्रस्तुत कथामा लोग्ने भगलु र सौता गुलाब रामतोरियाका लागि विषय बनेका छन् भने गुलाबका लागि रामतोरिया विषय बनेकी छ । कथाकी मुख्य आश्रय रामतोरिया हो भने एउटा घटनामा गुलाब आश्रय बनेकी छ । लोग्नेप्रतिको रामतोरिया र गुलाबको एकाधिकारको चाहना स्वकीय उद्दीपन हो भने गुलाबको पाउजु, गाला तथा घाँटीका नीला डाम, रामतोरियाको कोठामा रहेको भगलुको गम्छा परकीय उद्दीपन हुन् ।

रामतोरियाले पिच्च थुक्नु, दाह्रा किट्नु, मुट्ठी कस्नु, गुलाबले डेक्सीमा लात्ताले हान्नु, साडीमा आगो लगाउनु, सिन्दूर चुरा पोते त्याग्नु कायिक अनुभाव हुन् । रामतोरिया र गुलाबका क्रोधपूर्ण अभिव्यक्तिहरू वाचिक अनुभाव हुन् भने रामतोरियामा देखिएका क्रोधका भावहरू सात्विक अनुभाव हुन् । निर्वेद, आवेग, उग्रता, गर्व, अमर्ष, चिन्ता जस्ता व्यभिचारीभावका कारण रामतोरिया र गुलाबका मनमा स्थीर रहेको क्रोध स्थायीभाव बाह्य रूपमा प्रकट हुँदा कथामा रौद्र रसको उत्पत्ति भएको छ । प्रस्तुत कथामा सौताहरूको एकअर्काप्रतिको ईर्ष्या मुख्य कारण हुन गई सौता र लोग्नेप्रति उत्पन्न क्रोध रौद्र रसका रूपमा देखापरेको छ । रामतोरिया रौद्र रसका दृष्टिले केन्द्रीय पात्र हो भने गुलाब सहायक पात्र हो । प्रस्तुत कथा रौद्र रसका उत्पत्तिका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

## सन्दर्भसूची


आप्टे, वामन शिवराम (सन् १९६९). *संस्कृत हिन्दी कोश* द्वितीय संस्क.. मोतीलाल बनारसीदास पब्लिशर्स ।

गुप्त, गणपतिचन्द्र (सन् २०११). *रस-सिद्धान्त का पुनर्विवेचन.* लोकभारती प्रकाशन ।

गैरे, शंकरप्रसाद (२०७४). *रस सिद्धान्त र विश्लेषण.* कमलादेवी न्यौपाने ।

चौधरी, मुना (२०८०). *लार.* साङ्ग्रिला मिडिया ग्रुप प्रा.लि. ।

थापा, मोहनहिमांशु (२०६६). *साहित्य परिचय* पाँचौं संस्क.. साझा प्रकाशन ।

*नेपाली बृहत् शब्दकोश* (२०५८). पाँचौं संस्क.. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भरतमुनि, (२०४६). *नाट्यशास्त्र.* सुधा रस्तोगीद्वारा सम्पादित/व्याख्यायित. चौखम्बा कृष्णदास अकादमी ।

रस्तोगी, सुधा (सम्पा., व्याख्या). (२०४६). भरतमुनिको *नाट्यशास्त्र.* चौखम्बा कृष्णदास अकादमी ।